# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

चलानी नं. ..................

मानविकी तथा सामाजिक शास्त्र संकाय
डीनको कार्यालय
कीर्तिपुर

मितिः २०८२/१२/२७

**BCA कार्यक्रम अन्तर्गत प्रथम र तेस्रो सेमेस्टरको अनलाईन परीक्षा फाराम भर्ने सम्बन्धी जरुरी सूचना तथा परीक्षा तालिका**

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयबाट सेमेस्टर प्रणालीमा सञ्चालित BCA (Bachelor in Computer Applications) कार्यक्रम अन्तर्गत शैक्षिक वर्ष २०२५ को **प्रथम सेमेस्टर** र शैक्षिक वर्ष २०२४ को **तेस्रो सेमेस्टरका** नियमित तथा आंशिक परीक्षार्थीहरूको सत्रान्त परीक्षा क्रमशः २०८३ बैशाख **१३ र १४** गतेदेखि सञ्चालन हुने भएकाले सम्बन्धित सबै विद्यार्थीहरूलाई २०८२ चैत्र १ गतेदेखि १५ गतेभित्र अनलाईन परीक्षा फाराम भर्नका लागि सूचित गरिन्छ ।

विद्यार्थीद्वारा आफू अध्ययनरत क्याम्पस/कलेजको नाम उल्लेख गरी https://exam.tufohss.edu.np मार्फत अनलाइन आवेदन फाराम भर्न सकिने छ । म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका आवेदन फारामहरूको आवश्यक प्रक्रिया अगाडि बढाइने छैन । यस सम्बन्धी अन्य विस्तृत विवरण यस सङ्कायको वेवसाइटबाट प्राप्त गर्न सकिने छ ।

- **परीक्षा फाराम भर्ने समयावधि :** मिति २०८२ चैत्र ०१ गतेदेखि १५ गते राति १२:०० बजेसम्म र उक्त समयावधि पछि दोब्बर दस्तुरमा २०८२ चैत्र २० गते राति १२:०० बजेसम्म ।
- **परीक्षा दस्तुर :** नियमित परीक्षार्थीले रू. २,५००/- (अक्षरेपी रू. दुई हजार पाँच सय मात्र) र आंशिक परीक्षार्थीहरूले रू. २,०००/- (अक्षरेपी रू. दुई हजार मात्र) । विद्यार्थीहरूले Online फाराम भर्ने बेलामा e-Sewa अथवा Khalti मार्फत आवेदन दस्तुर तिर्नुपर्ने छ र **जम्मा भइसकेको दस्तुर फिर्ता नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।**
- परीक्षार्थीहरूले अनलाइन परीक्षा फाराममा विवरण भर्दा **विषयको शीर्षक र कोड नं. शुद्ध र स्पष्टसँग भर्नुपर्ने** छ । साथै Practical / Project / Internship विषयको मात्र बाँकी रहेका आँशिक परीक्षार्थीहरूले समेत अनिवार्य अनलाईन परीक्षा फाराम भर्नुपर्ने छ, कथमकदाचित फाराम नभरी परीक्षामा सहभागी भएको पाइएमा उक्त परीक्षार्थीहरूको परीक्षाफल प्रकाशित गरिने छैन । यदि अनलाईन फाराम भर्दा **कुनै समस्या भएमा सम्बन्धित विभाग/क्याम्पसमा सम्पर्क राख्नुपर्ने छ ।**

❖ परीक्षार्थीहरूले त्रि.वि. रजिष्ट्रेसन नं. अनिवार्यरूपमा अनलाइन परीक्षा फाराममा उल्लेख गरेको हुनुपर्ने छ अन्यथा त्रि.वि. रजिष्ट्रेसन नं. नभएका परीक्षार्थीहरूको परीक्षा फाराम मान्य नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

❖ सम्बन्धित क्याम्पस/कलेजहरूले विद्यार्थीहरूले प्राप्त गरेको आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क र हाजिरी विवरण (**स्थानान्तरण भइ आएका विद्यार्थीहरूको हकमा प्राविधिकसँगको समन्वयमा**) परीक्षा फाराममा अनलाइन मार्फत भर्नुपर्ने छ ।

❖ अनलाइन परीक्षा फाराममा विद्यार्थीहरूले दुवै कान देखिने हालसालै खिचेको पासपोर्ट साइजको फोटो, फाराममा तोकिएको ठाउँमा दस्तखत र स्थानान्तरण-पत्र (अन्य क्याम्पस/कलेजबाट स्थानान्तरण भई आएका विद्यार्थीहरूका लागि मात्र) आदि Upload गर्नुपर्ने छ ।

❖ सम्बन्धित क्याम्पस/कलेजहरूले डीन कार्यालयबाट उपलब्ध गराइएको User ID र Password प्रयोग गरी विद्यार्थीहरूले भरेका अनलाइन परीक्षा फाराम २०८२ चैत्र १७ गतेभित्र र दोब्बर दस्तुरको हकमा चैत्र २२ गतेभित्र रूजु र प्रमाणित (Verify) गरिसक्नु पर्ने छ ।

❖ विद्यार्थीहरूले भरेका र क्याम्पस/कलेजहरूले भर्नु पर्ने सम्पूर्ण विवरणहरू (**विद्यार्थीहरूको हाजिरी, आन्तरिक मूल्याङ्कन लगायत अन्य विवरणहरू**) को रूजु र प्रमाणीकरण गरिसकेपछि सम्बन्धित क्याम्पस/कलेजको पत्र सहित विद्यार्थीको आन्तरिक तथा प्रयोगात्मक मूल्याङ्कनको सक्कल प्रति (Hard Copy) र क्याम्पस/कलेजको नवीकरण पत्रको प्रतिलिपि तथा विनियोजन शाखामा सेवा-शुल्क तिरेको रसिदको प्रतिलिपि समेत २०८२ चैत्र २५ गतेभित्र यस कार्यालयमा अनिवार्य रुपमा बुझाउनु पर्ने छ ।

❖ डीन कार्यालयबाट परीक्षा फाराम स्वीकृत (Approved) भएका परीक्षार्थीहरूको प्रवेश-पत्र मिति २०८२ चैत्र २८ गते पश्चात् सम्बन्धित विद्यार्थीहरूले आफ्नै **username** र **password** प्रयोग गरी https://exam.tufohss.edu.np बाट अनलाइन मार्फत प्राप्त गर्न सक्ने छन् । **उक्त प्रवेशपत्र कलर प्रिन्ट गर्नुका साथै सम्बन्धित क्याम्पस/कलेजको छाप लगाइ क्याम्पस प्रमुखको हस्ताक्षर र मिति समेत उल्लेख गरिएको हुनुपर्ने छ र परीक्षा अवधिभर अनिवार्य रुपमा आफ्नो साथ राख्नु पर्नेछ ।**

❖ प्रयोगात्मक परीक्षाका सम्बन्धमा देहाय बमोजिम गर्न गराउनुहुन BCA कार्यक्रमसँग सम्बन्धित सम्पूर्ण आङ्गिक तथा सम्बन्धनप्राप्त क्याम्पस/कलेजहरूलाई अनुरोध गरिन्छ :

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयबाट सेमेस्टर प्रणालीमा सञ्चालन भएको चार वर्षे ८ सेमेस्टरको Bachelor in Computer Application (BCA) कार्यक्रम अन्तर्गतका विभिन्न सेमेस्टरहरूमा Project Work/Internship बाहेकका अन्य विषयहरूमा ४० पूर्णाङ्कको आन्तरिक मूल्याङ्कन र ६० पूर्णाङ्कको अन्तिम मूल्याङ्कन गरिने प्रावधान भएको र ४० पूर्णाङ्कको आन्तरिक मूल्याङ्कनलाई प्रयोगात्मक हुने विषयहरूमा २० पूर्णाङ्कको Internal Assessment **(First term exam-5, Final term exam-5, Assignment-5 & Attendance-5)** र २० पूर्णाङ्को Practical Assessment **(Practical -10, Lab Report -5 & Viva -5)** रहने गरी छुट्याइएको छ । उक्त ४० पूर्णाङ्कको आन्तरिक

मानविकी तथा सामाजिक शास्त्र संकाय डीनको कार्यालय कीर्तिपुर

मूल्याङ्कनभित्र नै Practical Assessment समेत रहेको हुनाले सम्बन्धित क्याम्पस/कलेजले डीन कार्यालयद्वारा खटाइएका विषय विशेषज्ञहरूबाट २० पूर्णाङ्कको प्रयोगात्मक परीक्षा सञ्चालन गरी हाजिरी सहितको आन्तरिक मूल्याङ्कन (Internal Assessment & Practical Assessment) देहाय बमोजिमको ढाँचामा २०८२ चैत्र २५ गतेभित्र यस कार्यालयमा पठाइदिनु हुन सम्बन्धित क्याम्पस प्रमुखज्यूहरूलाई अनुरोध गरिन्छ ।

| **SN** | **Name of Student** | **Internal Practical Assessment** | | | |
|---|---|---|---|---|---|
| | | **Practical (10)** | **Lab Report (5)** | **Viva (5)** | **Total (20)** |
| | | | | | |
| | | | | | |

**Internal Subject Teacher**

**Signature: ……………**

**Name: …………………….**

**Designation: ………….**

**Date: ………….**

**Subject Expert**

**Signature: ……………**

**Name: ……………….**

**Designation: ………….**

**Date: …………………**

## BCA Internal Evaluation Format

| SN | Name of Student | Internal Assessment (20) | Practical Assessment (20) | Total (40) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

Subject Teacher

Signature: ……………

Name: …………………….

Date: ………….

Campus Chief/Coordinator

Signature: ……………

Name: ……………….

Date: …………………

तथा सामाजिक शास्त्र संकाय
डीनको कार्यालय
कीर्तिपुर

## परीक्षा तालिका

- परीक्षा समयः दिउँसो १२ बजेदेखि ३ बजेसम्म

| Exam Date (BS) | I-Semester (2025 Batch) | III-Semester (2024 Batch) |
|---|---|---|
| **2082/01/13** | **BCA 101:** Computer Fundamentals and Applications (New course:2025)<br>**CACS101:** Computer Fundamentals and Applications | |
| **2082/01/14** | | **CACS201:** Data Structures and Algorithms |
| **2082/01/15** | **BCA 102:** Programming in C (New course:2025)<br>**CASO102:** Society and Technology | |
| **2082/01/17** | | **CAST202:** Probability and Statistics |
| **2082/01/18** | **BCA 103:** Digital Logic (New course:2025)<br>**CAEN103:** English I | |
| **2082/01/20** | | **CACS203:** System Analysis and Design |
| **2082/01/21** | **BCA 104:** Mathematics I (New course:2025)<br>**CAMT104:** Mathematics I | |
| **2082/01/22** | | **CACS204: OOP in Java** |
| **2082/01/23** | **BCA 105:** Professional Communication and Ethics (New course:2025)<br>**CACS105:** Digital Logic | |
| **2082/01/24** | | **CACS205:** Web Technology |

नोटः परीक्षा केन्द्र पछि प्रकाशित गरिने छ ।

मानविकी तथा सामाजिक शास्त्र संकाय
डीनको कार्यालय
कीर्तिपुर

डा. चिरञ्जीवी आचार्य
सहायक डीन